वर्ष ६, अंक २
पौष, December 2014

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



इटालीको रोममा आयोजना भएको World Congress of Accountants, २०१४ मा विश्वभर बाट ५००० भन्दा बढी लेखाव्यवसायीको सहभागिता रहेको कार्यक्रममा मैले संस्थाको प्रतिनिधित्व गरी आफ्नो उपस्थिती जनाउने दुर्लभ अवसर प्राप्त गरें । कोलम्बसले अमेरिका पत्ता लगाएको ठिक दुई बर्ष पछि इटालीयन Friar Luca Pacioli को Double–Entry Accounting पुस्तक प्रकाशित भयो । पाँच सताब्दी पश्चात ऐतिहासिक निरन्तरता स्वरूप ईटालीयन सहर रोममा बिश्वका ५००० भन्दा बढी सहभागीहरूको माँझ World Congress of Accountants, २०१४ सम्पन्न भयो । World Congress of Accountants प्रत्येक चार बर्षमा आयोजना हुने गर्दछ । World Congress of Accountants, २०१४ ले लेखाव्यवसायीहरूलाई बिश्व माँझ चिनाउने अवसर प्रदान गरेको छ । यस सम्मेलनले लेखाव्यावसायको विकासका साथै बिश्वका लेखाव्यावसायीलाई निजहरूले प्रदान गर्ने सार्वजनिक हीतको सेवा प्रदान गर्ने विषयमा छलफल गर्ने अवसर प्रदान गऱ्यो ।

मित्रहरूको जानकारी प्रदान गराउने उद्देश्यले सम्मेलनमा भएका महत्वपूर्ण बुंदाहरूलाई संक्षिप्तमा राख्ने जमर्को गरेको छु ।

### IFAC अध्यक्ष Warren Allen को उद्घाटन मन्तव्य

IFAC अध्यक्ष Warren Allen ले कार्यक्रममा एकाउन्टिङ्ग प्रोफेशनमा समस्या र चुनौती र समाधानका उपाय बारेमा निम्नानुसार आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

- लेखाव्यवसायीहरूसंग सम्बन्धित लेखा तथा लेखापरीक्षणमानहरूको निरन्तर अवलम्बन तथा कार्यान्वयन गर्ने ।
- कर प्रणाली र कर व्यवस्थाको प्रभावकारी रूपमा प्रबर्द्धन गर्ने अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको ।
- सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधारको लागि प्रभावकारी वित्तीय प्रतिवेदन प्रणाली अवलम्वन र सार्वजनिक श्रोत व्यवस्थापनको लागि प्रोदभावी लेखाप्रणाली लागु गर्न जोड ।

  त्यस्तै लेखाव्यवसायीहरूले व्योहोर्नु परेको अवसर र चुनौतिको सन्ददर्भमा देहाय अनुसार आफ्नो बिचार, समाधान र रणनीति प्रस्तुत गर्नुभएको थियो ।
- वित्तीय संकटको समाधानको लागि सक्रियता देखाई समाधान पत्ता लगाउने ।
- क्षमता विकास लगायत कर्मचारी छनौट र थमौतीमा संलग्नता ।
- हालको अवस्थाभन्दा जनतामा व्यवसाय प्रतिको विश्वसनीयता अभिबृद्धि गर्न सचेतना विस्तार गर्ने ।

### लेखापरीक्षणको भविष्य र भविष्यको लेखापरीक्षण

World Congress of Accountants का Scientific Committee सदस्य Michele Caso ले The Future of the Audit, the Audit of the Future सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहांले आफ्नो कार्यपत्रमा अन्तर्राष्ट्रिय स्तरमा प्रचलित लेखापरीक्षणको व्यापकता भन्दा भविष्यमा अलग्गै प्रकारबाट लेखापरीक्षणको विकास हुने धारणा राख्नुभएको थियो ।

## सार्वजनिक लेखा समितिका अध्यक्ष संग औपचारिक छलफल

संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईको नेतृत्वमा गएको एक टोलिले मङ्सिर २४, २०७१ मा सार्वजनिक लेखा समितिका सभापति माननीय श्री. जनार्दन शर्मासंग एक औपचारिक कुराकानी गऱ्यो ।




संस्थाका पदाधिकारीहरू सार्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्मासंगको बैठकमा ।

औपचारिक कुराकानी गर्ने सन्दर्भमा देशको आर्थिक शुसासनमा लेखा व्यवसायीको भूमिकाको साथै संस्थाले गर्न लागेको प्रथम ICAN Summit २०१५ का सम्बन्धमा समेत कुराकानी भएको थियो । सो छलफलमा उपाध्यक्ष सिए. प्रकाश लम्साल, कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठ र सह निर्देशक विनोद न्यौपानेको उपस्थिति रहेको थियो ।

## IFAC Code of Ethics सम्बन्धी अन्तरक्रिया

संस्थाले आश्विन ३१, २०७१ मा IFAC Code of Ethics, 2014 बारे काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रमको अयोजना गऱ्यो । उक्त अन्तरक्रिया कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरू, छैठौं परिषदका पार्षदहरू, Ethics Committee का पदाधिकारीहरू सहभागी हुनु भएको थियो । अन्तरक्रिया कार्यक्रममा IFAC ले Code of Ethics, 2014 जारी गरिसकेको हुंदा IFAC Code of Ethics, 2014 लाई नै आधार बनाई संस्थाको पनि Code of Ethics परिमार्जन गर्नुपर्ने सुझाव आएको थियो । IFAC Code of Ethics मा भएका व्यवस्थाहरू मध्ये केही हाम्रो देशको परिस्थिती अनुसार व्यवहारिक हुने नदेखिएको हुंदा ती व्यवस्थाहरूलाई अनुसूचीमा राखी वा सम्बन्धित ठाउंमा नै अव्यवहारिकताको कारण सहित हरफकै मुनि राखी स्पष्ट व्यवस्था गर्न सकिने समेत सुझाव प्राप्त भएको छ ।

## योग्यता प्रमाणपत्र (EC) बितरण

डिसेम्बर २०१४ को वार्षिक परीक्षाको निमित्त पूर्व योग्यता परीक्षा (हल तथा/वा पोष्टल) उत्तीर्ण गर्ने विभिन्न तहका बिद्यार्थीहरूलाई योग्यता प्रमाणपत्र प्रदान गरियो । योग्यता परीक्षामा उत्तीर्ण भएका योग्य बिद्यार्थीहरूलाई मात्र अन्तिम परीक्षामा सामेल गरिने संस्थाको नियम अनुसार पूर्व योग्यता परीक्षा संचालन गरिदैं आएको छ । यस अन्तिम परीक्षाको लागि विभिन्न तहबाट निम्न बमोजिम बिद्यार्थीहरूले योग्यता प्रमाणपत्र प्राप्त गरेका थिए ।

**सरकारी लेखा एकरूपताको नयाँ युग तिर**

World Congress of Accountants का Scientific Committee सदस्य Mariano D' Amore ले Towards a New Era in Government Accounting Harmonization सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यपत्रमा सार्वजनिक क्षेत्र जवाफ देहिता अभिबृद्धिको आवश्यकता उल्लेख गर्दै यस क्षेत्रले प्रोदभावी लेखाप्रणली (accrual accounting) को प्रयोगबाट सार्वजनिक क्षेत्रको प्रतिवेदन प्रणालीको थालनीमा जोड दिनुभएको थियो ।

**एकिकृत रिपोर्टिङ्ग**

World Congress of Accountants का Scientific Committee सदस्य Chiara Mio ले Integrated Reporting (एकिकृत रिपोर्टिङ्ग) सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यस्तो प्रतिवेदन गर्ने प्रक्रियाबाट मूल्य श्रजनाको सन्दर्भमा वित्तीय तथा गैर वित्तीय नतिजा सम्प्रेशण गर्न सहयोग पुग्ने धारणा राख्नुभएको थियो ।

**साना निकायहरूो वित्तीय प्रतिवेदन**

World Congress of Accountants का Scientific Committee सदस्य Matteo Pozzoli ले Financial Reporting for Small Enterprises सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले बिश्वमा वित्तीय प्रतिवेदन लेखाव्यवसायको अभिन्न अंगको रूपमा रहदै आएको धारणा राख्नुभएको थियो ।

**भविष्यको लेखापरीक्षण र आश्वस्ताको परिदृष्य**

International Auditing and Assurance Standard Board (IAASB) का अध्यक्ष Arnold Evolve Shilder ले An Outlook for the Future of Auditing and Assurance सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले बलियो corporate reporting र audit and assurance को प्राप्तीका चुनौति सम्बन्धमा धारणा राख्नु भएको थियो । **लेखापरीक्षण र आश्वस्ताको** बातावरण परिबर्तन भैरहेको र वित्तीय प्रतिवेदनमा निरन्तर विकास हुंदै आएको बताउनु भएको थियो ।

**सार्वजनिक क्षेत्रको लेखामा सुधार**

International Public Sector Accounting Standard Board (IPSASB) का अध्यक्ष Andreas Bergmann ले Public Sector Accounting को सुधारका सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो । उहाँले वित्तीय संकटका सम्बन्धमा विश्वव्यापी रूपमा सार्वजनिक उत्तरदायित्व अभिबृद्धि गर्न असल वित्तीय प्रतिवेदनको आवश्यकतामा जोड दिनु भएको थियो ।

**विश्वका लेखापालकहरूको आचार संहिता**

IESBA's का अध्यक्षले हाम्रो उद्देश्य सार्वजनिक हितलाई सहयोग गर्नु रहेकोले यसका लागि आचार संहिताको प्रयोग आधारभूत तत्व रहेका धारणा राख्नुभएको थियो । विभिन्न संगठनहरू, जस्तै नियमनकारी निकायहरू, लगानीकर्ताहरू, IFACका सदस्य संगठनहरू, फर्महरू र जनसाधारण सबैको हितलाई एकसाथ सन्तुलनमा राख्नु निकै चुनौतिपूर्ण रहेको धारणा समेत राख्नुभएको थियो ।

**IES पूनरावलोकन सम्पन्न**

International Accounting Education Standard Board (IAESB) का अध्यक्ष Peter Wolnizer ले IES-8 Professional Competence for Engagement Partner Responsible for Audit of Financial Statement लाई IES-2,3,4,5,6,7 अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डको संशोधन गरिसकिएको व्यहोरा सार्वजनिक गराउनु भएको थियो ।

**Keeping Capitalism Honest**

IASB का अध्यक्ष Hans Hoogervorst ले संगठित शुसासन (Corporate Governance) बलियो बनाउन लेखामानको भूमिका महत्वपूर्ण रहने धारणा राख्नुभएको थियो ।

**भ्रमणका क्रममा भएका द्विपक्षीय बैठकहरू**

समारोहको दौरानमा हाम्रो प्रतिनिधि मण्डललाई विभिन्न मुलुकका लेखाव्यवसायी संगठनका प्रतिनिधहरूसंग छलफल गर्ने अवसर प्राप्त भएको थियो । भेटका अवसरमा आपसी सहकार्य र सहयोगका क्षेत्रमा बिस्तृत छलफल भएको थियो । समारोहको दौरानमा CPA Australia, CAP China, Malaysian Institute of Accountants (MIA), Association of Chartered Certified Accountants(ACCA), ICAEW संग बैठक भएको थियो ।

**CPA Australia**

CPA Australia का प्रतिनिधिसंग भएको बैठकमा आपसी मान्यताको प्रक्रियाका सम्बन्धमा छलफल हुंदा उनीहरूले सो सम्बन्धका पक्रिया अघि बढाउन सहमति जनाएका थिए । Non Disclosure Agreement को सन्दर्भमा मूल्याङ्कनको लागि एक अर्का वीच कागजात आदान प्रदान गर्ने सहमति भएको थियो ।

**CPA China**

छलफलमा भाषाको समस्याको कारण खाली Blanket Mutual Recognition Agreement गर्न संभव हुन नसक्ने अवस्था बारेमा महशुस गरियो । छमेकी राष्ट्रको नाताले आपसी सहयोगका केही क्षेत्रहरू पहिचान गरी अगाडि बढ्न सकिने र सो का लागि संस्थाका प्रतिनिधिलाई CPA China भ्रमणको निम्तो समेत दिएको छ ।

**Malaysian Institute of Accountants (MIA)**

MIA का अध्यक्षसंग बिशेष गरी सूचना तथा प्रविधिको क्षेत्रमा संस्थाको क्षमता अभिबृद्धि सम्बन्धी विषयमा छलफल भयो । हामीले MIAसंग ठोस प्रस्ताव सहित सो विषयमा छलफल गर्नुपर्ने देखिएको छ ।

**Association of Chartered Certified Accountants (ACCA)**

प्रतिनिधि मण्डलले ACCA का अध्यक्ष, उपाध्यक्ष तथा अन्य अधिकारीसंग भेट गरेको थियो, भेटका क्रममा हामी MOU गर्न सक्ने अवस्थामा नरहेको सम्बन्धमा स्पस्ट गर्दा यसमा उहाँहरू सहमत हुनुभयो । तथापी हाल MOU गर्न नसकिएता पनि संस्थालाई लेखाव्यसायको विकासको लागि भरसक सहयोग गर्न तत्पर रहेको जानकारी गराएको छ । छलफलमा ACCA को Diploma on IFRS कोर्ष नेपालमा ICAN र ACCA ले संयुक्त रूपमा संचालन गर्नको लागि प्राविधिक सहयोग गर्न सहमती जनाएको छ ।

ACCA को Team संस्थाको भ्रमणमा आई ३५ जना चार्टर्ड एकाउन्टेन्टलाई अप्रिल २०१५ मा Diploma on IFRS कोर्ष संचालन गर्ने भएको छ । कोर्ष संचालनमा लाग्ने कूल खर्च मध्ये श्रोत व्यक्तिको खर्च र पाठ्य सामाग्री खर्च पूरै र परीक्षा शुल्कको ५० प्रतिशत ACCA ले व्यहोर्ने गरी सहमति भएको छ ।

**Institute of Chartered Accountants in England and Wales (ICEAW)**

ICEAW का प्रतिनिधि संग भएको भेटघाट र छलफलको क्रममा ICAN ले सहयागको लागि प्रस्ताव गरेको क्षमता अभिबृद्धि र Twinning Arrangement का सम्बन्धमा आपसी सहकार्य गर्न निजहरूले चाडै काठमाडौं आउने सहमति जनाएका छन् । PAO को क्षमता अभिबृद्धिको लागि DFID र Twinning Arrangement को लागि DFID वा World Bank बाट वित्तीय सहयोग प्राप्त हुने जानकारी भएको छ ।

प्रतिनिधि मण्डलले रोम भ्रमण निकै फलदायी र सन्तोष जनक रहेको महशुस गरेको छ । हामी IFAC अध्यक्ष, IASB अध्यक्ष, IAASB अध्यक्ष लगायत अन्य वक्तालाई सुन्ने र रोमको प्राचीन कला, संस्कृति र सभ्यताको दृष्यावलोकन गर्नपाएकोमा सम्मानित भएको महशुस गरेका छौं । खबर पत्रिकाको अर्को अंकमा संस्थाको क्रियाकलाप र अन्य नयाँ प्रगति बारेमा प्रस्तुत गर्नेनै छौं ।

धन्यवाद!!

**सिए. नरेन्द्र भट्टराई**
**अध्यक्ष**
**डिसेम्बर ३१, २०१४**

| तह | CAPI | CAP II | | | CAP III | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो समूह | दोश्रो समूह | दुबै समूह | पहिलो समूह | दोश्रो समूह | दुबै समूह |
| पुरानो कोर्ष | ६७१ | ३० | १३ | १८३ | ८ | १४ | ७१ |
| नयाँ कोर्ष | | ११२ | ६० | २८४ | | | |

### व्यवस्थापन तथा सञ्चार सीप तालिम

डिसेम्वर २०११ देखि CAP III/फाईनल र लेखा प्राविधिक तहको परीक्षा उत्तीर्ण गरेका बिद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि अनिवार्य गरिएको व्यवस्थापन तथा सञ्चार सीप तालिम ६-६ महिनाको अन्तरालमा नियमित रूपमा संचालन हुंदै आएको छ ।



संस्थाका पदाधिकारीहरू र स्रोत व्यक्तिका साथ छैठौं व्याचको व्यवस्थापन तथा सञ्चार सीप तालिमका सहभागीहरू

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) र काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (कूसोम) बीच प्रशिक्षण सम्भौता बमोजिम छैठौं व्याचको व्यवस्थापन तथा सञ्चार सीप तालिम नोभेम्वर १० देखि २६, २०१४ सम्म संचालन गरिएको थियो । उक्त तालिममा ८ बिद्यार्थीहरूको सहभागिता रहेको थियो । सहभागी मध्ये ६ जना चार्टर्ड एकाउन्टेन्सी परीक्षा तथा ३ जना लेखा प्राविधिक तहको परीक्षा उत्तीर्ण भएका बिद्यार्थीहरूको सहभागिता थियो ।

### डिसेम्बर २०१४ को चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

डिसेम्बर २०१४ मा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत विभिन्न तहको अन्तिम परीक्षा सम्पन्न भएको छ । संस्थाका शाखा कार्यालयहरू बिराटनगर, बुटवल, पोखरा र वीरगंजमा CAP I तहका परीक्षा र बिराटनगर तथा पोखरामा CAP II तहको समेत परीक्षा संचालन गरिएको थियो ।

डिसेम्बर १ देखि ०९, २०१४ सम्म संचालित उक्त परीक्षामा निम्न बमोजिम परीक्षार्थीहरूको आवेदन र सहभागिता रहेको थियो ।

| तह | CAP I | | CAP II | | CAP III | |
|---|---|---|---|---|---|---|
| समूह | आवेदक संख्या | परीक्षामा सामेल | आवेदक संख्या | परीक्षामा सामेल | आवेदक संख्या | परीक्षामा सामेल |
| पहिलो समूह | ७३० | ६९४ | ३९२ | ३४६ | १४५ | १३५ |
| दोश्रो समूह | | | २४० | २११ | १२१ | १०९ |
| दुवै समूह | | | ७१८ | ६९५ | ११७ | ११७ |
| कूल | ७३० | ६९४ | १३५० | १२५२ | ३८३ | ३६१ |

सबै तहमा गरी २४६३ बिद्यार्थीहरूले आवेदन गरेकोमा जम्मा २३०७ ले मात्र परीक्षामा आफ्नो उपस्थिति जनाएका थिए ।

### सदस्यता परीक्षा सम्पन्न

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यताको लागि डिसेम्बर ४ र ७, २०१४मा संस्थाबाट संचालित सिए सदस्यता परीक्षामा Corporate Laws र Advance Taxation विषयमा क्रमशः २१६ र २०३ आवेदकले परीक्षाको निमित्त फारम भरेका मध्ये १८८ र १७० ले मात्र परीक्षा दिएका थिए । संस्थाको नियमानुसार विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीले संस्थाले लिने सदस्यता परीक्षा उत्तीर्ण गरी संस्थाले निर्धारण गरेको अन्य आवश्यक प्रक्रिया पूरा गरेमा संस्थाको सदस्यता प्राप्त गर्नेछन् ।

### लेखा प्राविधिक (AT) परीक्षाको नतीजा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखा प्राविधिकको बढदो मागलाई परिपूर्ति गर्ने उद्देश्यले लेखा प्राविधिक कोर्षको संचालन गर्दै आएको छ । १७–२१ सेप्टेम्बर २०१४ मा संचालन भएको परीक्षामा निम्न संख्यामा बिद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

| विवरण | Advance & Management A/C | Audit & Assurance | Corporate and Other Laws | Tax Laws |
|---|---|---|---|---|
| मिति | २०१४/०९/१७ | २०१४/०९/१७ | २०१४/०९/१७ | २०१४/०९/१७ |
| कूल आवेदक | १५ | १५ | १५ | १६ |
| परीक्षामा सामेल | १३ | १३ | १२ | १३ |

लेखा प्राविधिकको परीक्षा मार्च तथा सेप्टेम्वरमा बर्षमा दुईपटक संचालन हुने गर्दछ । यस पटकको परीक्षामा १ जना बिद्यार्थी मात्र सफल भएका छन् ।

### बिद्यार्थी भर्ना स्थिति

चार्टर्ड एकाउन्टेन्सी शिक्षाका लागि दर्ता भएका बिद्यार्थीहरूको संख्याले यस शिक्षा प्रति आकर्षण बढदै गईरहेको संकेत गरेकोछ । पत्रिका अवधिमा संस्थामा दर्ता भई अध्ययन गर्ने बिद्यार्थीहरूको संख्या निम्न अनुसार रहेको छ ।

| तह | CAP I | CAP II | CAP III | AT | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ३५० | १२ | ७२ | २ | ४३६ |

### अध्यापन सम्बन्धन स्थिति

पत्रिका अवधिमा १२ वटा संस्थाहरूले अध्यापन सम्बन्धनता दर्ता नवीकरण गरी ती संस्थामा विभिन्न तहका बिद्यार्थीहरूलाई अध्यापन गराईरहेका छन् । काठमाडौं उपत्यका लगायत देशका विभिन्न स्थानमा अध्यापनको निमित्त सम्बन्धन लिने संस्थाहरूको बिवरण निम्न रहेको छ ।

| क्रम संख्या | सम्बन्धन लिने संस्थाको नाम |
|---|---|
| १ | CAI Private Limited, Putalisadak, Kathmandu. |
| २ | CCMA College Private Limited, New Plaza, Kathmandu. |
| ३ | CIMA Academics Pvt. Ltd., Putalisadak, Kathmandu. |
| ४ | Lumbini Banijya Campus, Butwal, Rupandehi. |
| ५ | Prism Centre of Learning Pvt. Ltd., Pokhara, Kaski. |
| ६ | Professional Careers & Education Pvt. Ltd., Biratnagar, Morang. |
| ७ | Professor Academy Private Limited, Bharatpur, Chitwan. |
| ८ | Birgunj International Institute of Professional Accountants Pvt. Ltd., Birgunj. |
| ९ | People's Campus, Kathmandu. |
| १० | School of Banking, Business and Research (SBBR) Pvt. Ltd., Baneshwor, Kathmandu. |
| ११ | Herald College Pvt. Ltd., Bishal Nagar, Kathmandu. |
| १२ | P.K. College Pvt. Ltd., Bagbazar, Kathmandu. |

### बिद्यार्थी बिनिमय कार्यक्रम

संस्थाले आफ्ना बिद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने र उनीहरूको क्षमता अभिबृद्धि गराउने साथै अन्तर्राष्ट्रिय क्षेत्रमा उनीहरूले प्राप्त गरेको ज्ञानलाई आदान प्रदान गर्ने उद्देश्य सहित बिद्यार्थी बिनिमय कार्यक्रममा सहभागिता जनाउने अवसर प्रदान गर्दै आएको छ । सो अनुरूप यस पटक २७ र २८, डिसेम्बर २०१४ मा The Institute of Chartered Accountants of India (ICAI) ले संचालन गरेको अन्तर्राष्ट्रिय कन्फरेन्समा संस्थाका CAP III तहका ३ र CAP II तहका २ गरी ५ बिद्यार्थीहरूले भाग लिएका थिए ।

### करीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रति बिद्यार्थीहरूको आकर्षण बढ्दो छ । यही आकर्षणलाई मध्यनजर गर्दै संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वलाई जनसमक्ष अझ स्पष्ट रूपमा जानकारी गराउन देशका विभिन्न स्थानमा रहेका कलेजहरूमा नियमित रूपमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गर्दै आएको छ । पत्रिका अवधिमा करीव २७०० चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रति जानकारी राख्न चाहने बिद्यार्थी एवं अभिभावकहरूको कार्यक्रममा सहभागिता रहेको थियो ।

यस प्रकारको कार्यक्रमले संस्थामा दर्ता गर्ने प्रक्रिया, बजारमा चार्टर्ड एकाउन्टेन्टहरूको अवस्था, चार्टर्ड एकाउन्टेन्टको भविष्य, अन्तर्राष्ट्रिय मान्यता आदिका बारेमा जानकारी प्रदान गर्ने गरेको छ ।

### Crash Course

संस्थाले बिगत बर्षहरूमा झै यस वर्ष पनि परीक्षामा सामेल हुने CAP III तहका बिद्यार्थीहरूको परीक्षालाई ध्यानमा राखी डिसेम्बर २०१४ मा Crash Course संचालन गऱ्यो । २८ भाद्र देखि १ कात्तिक २०७१ सम्म संचालित कोर्षमा CAP III तहका ८ बिद्यार्थीहरू सामेल भएका थिए । उक्त तहका बिद्यार्थीहरूको लागि निर्धारित पाठ्यक्रम बमोजिम Advance Financial Reporting, Advance Financial Management, Advance Audit and Assurance, Corporate Law, Advance Cost and Management Accounting र Advance Taxation विषयहरूको कक्षा संचालन गरिएको थियो ।

### सदस्यता, पेशागत तथा लेखाव्यवसायी संस्थाको स्थिति

१ श्रावण २०७१ देखि १५ पौष २०७१ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था तथा नवीकरणको स्थिति निम्न रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए/सिए | ७९२ | ६०३ | ६३४ | २८९ | ५३४ | २७५ |
| आरए. बी | ३३७४ | २००१ | ३१३७ | १५२२ | १०५३ | ७९४ |
| आरए. सी | १६१० | ८७७ | १४७८ | ७२१ | ३९४ | २८७ |
| आरए. डी | २२९२ | १३०२ | २१०० | ११६२ | ४१८ | ३२३ |
| कूल सदस्य | ८०६८ | ४७८३ | ७३४९ | ३६९४ | २३८९ | १६७९ |

२०७१ पौष पछि संस्थाले लेखाव्यवसायी संस्था दर्ता गराएरमात्र लेखापरीक्षण गर्न पाउने व्यवस्था गरेको छ । लेखाव्यवसायी संस्था (फर्म) दर्ता नगर्ने सदस्यहरूले पौष मसान्त पश्चात पेशागत प्रमाणपत्रको माध्यमबाट मात्र लेखापरीक्षण गर्न नपाउने भएका छन् ।

### SAFA Board Meeting, Committee Meetings, BPA Conference Marking Session, SAFA-IFAC Regional SMP Forum and SAFA Women Members Empowerment Conference

भारतको नयाँ दिल्लीमा ९-११ अक्टोवर २०१४ सम्म आयोजना भएको SAFA Board Meeting, Committee Meetings, BPA Conference Marking Session, SAFA-IFAC Regional SMP Forum तथा SAFA Women Members Empowerment Conference कार्यक्रममा निम्न अनुसार संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

| SN | Name of the Meeting | Represented By | Date |
|---|---|---|---|
| 1. | SAFA iTAG Technical Committee - BPA Conference Marking Session | सिए. परमानन्द अधिकारी | October 9-10, 2014 |
| 2 | SAFA-IFAC Regional SMP Forum | सिए. प्रकाश लम्साल<br>सिए. भाष्कर सिंह लाला<br>आरए. मोहन कुमार पराजुली | October 10, 2014 |
| 3 | SAFA Women Members Empowerment Conference | सिए. बन्दना खेतान | October 10, 2014 |
| 4 | SAFA Committee on Quality Control | सिए. भाष्कर सिंह लाला<br>आरए. मोहन कुमार पराजुली | October 11, 2014 |
| 5 | Committee for Improvement in Transparency, Accountability and Governance (iTAG) | सिए. प्रकाश लम्साल<br>सिए. परमानन्द अधिकारी | October 11, 2014 |
| 6 | 36th SAFA Board Meeting and 79th SAFA Assembly Meeting | सिए. प्रकाश लम्साल<br>सिए. परमानन्द अधिकारी | October 11, 2014 |




३६औं साफा बोर्ड बैठकका सहभागीहरु

यस पटक साफाले SAFA Women Members Empowerment Conference समेत आयोजना गरेको र साफा बोर्डमा यस संस्थाबाट महिला सदस्यहरूलाई सहभागिता गराउन अनुरोध भै आए अनुसार यस संस्थाको तर्फबाट संस्थाको प्रथम महिला चार्टर्ड एकाउन्टेन्ट सदस्य सिए. बन्दना खेतानलाई समेत उक्त कार्यक्रममा सहभागी गराइएको थियो ।

### SAFA BPA Technical Committee and Conference Marking Meeting, New Delhi

भारतको नयाँ दिल्लीमा ९–१० अक्टोवर २०१४ मा SAFA BPA Technical Committee / Conference Marking Meeting सम्पन्न भयो ।



संस्थाका प्रतिनिधि SAFA BPA Technical Committee र Conference Marking Meeting का सहभागिका साथ

उक्त बैठकमा SAFA BPA र CG Awards २०१३ का बिजेताहरू चयन गर्न सदस्य राष्ट्रहरूले आफ्नो देशका उत्कृष्ट विभिन्न संस्थाहरूलाई प्रदान गरेको अंकमा बिस्तृत छलफल गरी बिजेताको अन्तिम सूचि तयार पारेको थियो । संस्थाको तर्फबाट उक्त बैठकमा सिए. परमानन्द अधिकारीले भाग लिनुभएको थियो ।

### World Congress of Accountants 2014, ITALY

इटालीको रोममा १० नोभेम्वर २०१४ देखि १३ नोभेम्वर २०१४ सम्म IFAC ले आयोजना गरेको World Congress of Accountants 2014 मा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईको नेतृत्वमा १० सदस्यीय प्रतिनिधि मण्डलले भाग लियो । प्रतिनिधि मण्डलमा संस्थाका अध्यक्ष लगायत निम्न पदाधिकारीको सहभागिता रहेको थियो ।

| | | |
|---|---|---|
| १. सिए. प्रकाश लम्साल - उपाध्यक्ष | ४. आरए. बद्रीप्रसाद भट्टराई - पार्षद | ७. आरए. मोहनकुमार सुवेदी - पार्षद |
| २. सिए. महेशकुमार गुरागाई - निवर्तमान अध्यक्ष | ५. आरए. डोलप्रसाद दाहाल - पार्षद | ८. श्री कृष्णप्रसाद देवकोटा - पार्षद |
| ३. सिए. भाष्कर सिंह लाला - पार्षद | ६. आरए. मोहनकुमार पराजुली - पार्षद | ९. सिए. विनय प्रकाश श्रेष्ठ - कार्यकारी निर्देशक |

### IFAC Council Meeting

IFAC काउन्सिल बैठकले Ms. Olivia Kurtley, USA लाई IFAC President and Ms. Rachael Grimes, Australia लाई IFAC Deputy President को रूपमा नियुक्त गरेको छ । बैठकले ICAI का President Mr, K. Raghu लाई बोर्ड सदस्यमा नियुक्त गरेको छ । साथै Institute of Certified Management Accountants of Sri Lanka ले IFAC को सदस्यताको निमित्त दिएको निवेदन पनि बैठकले पारित गरेको छ । सिडनी अस्ट्रेलियामा २०१८ को World Congress of Accountants आयोजना गर्ने निर्णय समेत भएको छ । साथै नोभेम्वर ११–१२ मा सिंगापुरमा आगामी काउन्सिल बैठक गर्ने निर्णय भएको छ ।

World Congress of Accountants 2014 कै अवसरमा ७ नोभेम्वर २०१४ मा IFAC Council Meeting समेत संचालन भएको थियो । त्यसैगरी ८ नोभेम्वर २०१४ मा CAPA PSMFC Meeting र ९ नोभेम्वर २०१४ मा CAPA Board Meeting र CAPA EGM पनि आयोजना भएको थियो ।

### CAPA Board Meeting

इटालीको रोममा ९ नोभेम्वर २०१४ मा आयोजना भएको CAPA बोर्ड बैठकमा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई र उपाध्यक्ष सिए. प्रकाश लम्सालले भाग लिनु भयो ।

### CAPA General Meeting

इटालीको रोममा ९ नोभेम्वर २०१४ मा आयोजना भएको CAPA बोर्ड बैठकमा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई र उपाध्यक्ष सिए. प्रकाश लम्साल ले भाग लिनु भयो ।

### WCOA–2014, Rome भ्रमणका उपलब्धीहरू

World Congress of Accountants 2014 कै अवसर पारी संस्थाका पदाधिकारीहरूले China Institute of Certified Public Accountant (CICPA), CPA Australia Ltd., Institute of Chartered Accountants of England and Wales (ICAEW), Malaysian Institute of Accountants (MIA) र ACCA का प्रतिनिधिहरूसंग भेट गरी आपसी सहयोग (Mutual Cooperation) तथा Mutual Recognition Aggrement (MRA) सम्वन्धी छलफल गर्नुभएको थियो ।

### CPA China

China Institute of Certified Public Accountant (CICPA) भएको छलफलमा संस्थासंग CICPA Mutual Cooperation को लागि तयार रहेको र यसको लागि के कसरी अगाडि वढ्ने सम्वन्धमा पून छलफल गर्ने सहमति भएको छ । CPA China ले संस्थाका प्रतिनिधिलाई भ्रमणको निम्तो समेत दिएको छ ।

### CPA Australia

CPA Australia Ltd. संग भएको छलफल पश्चात CPA Australia Ltd. ICAN संग MRA गर्न सहमत भएको छ । MRA को कार्य अगाडि बढाउन एक अर्कोको Education and Membership system अध्ययनको थालनी गर्ने र सो भन्दा अगाडि Non Disclose Agreement गर्ने भनि तय भएको छ ।

### The Institute of the Chartered Accountants of England and Wales (ICAEW)

ICAEW पनि ICAN लाई विभिन्न बिधामा आवश्यक सहयोग गर्न तयार रहेको छ । ICAEW ले DFID संग छलफल गरी सहयोग गर्न सकिने क्षेत्रको पहिचान गरी सकेसम्म छिटो प्रस्ताव सहित पत्राचार गर्ने भनि सहमति जनाएको छ ।

### Association of Chartered Certified Accountants (ACCA)

ACCA संगको छलफला हाल MRA गर्न नसकिएतापनि ICAN लाई Accounting Profession को विकासको लागि भरसक सहयोग गर्न तत्पर रहेको छ । यसै छलफलमा ACCA को Diploma on IFRS कोर्ष नेपालमा ICAN र ACCA मिलेर संयुक्तरूपमा संचालन गर्नको लागि प्राविधिक सहयोग गर्न सहमत भएको छ ।

### कापा कमिटि बैठक

८ नोभेम्वर २०१४ मा आयोजित CAPA PFSM बैठकमा नेपालको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई र निबर्तमान अध्यक्ष सिए. महेशकुमार गुरागाईले प्रतिनिधित्व गर्नुभएको थियो । बैठकमा नेपाल, फिलिपिन्स र बंगलादेशका रिपोर्टहरू प्रस्तुत गरिएका थिए ।

### साफा बिपिए अवार्ड, २०१३

भारतको भुवनेश्वरमा ४ डिसेम्बर २०१४ मा आयोजना भएको साफा Best Presented Annual Report Award र SAARC Anniversary Award for Corporate Governance Disclosure Ceremony 2013 मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट संस्थाका उपाध्यक्ष प्रकाश लम्साल र पार्षद आरए. बद्रिप्रसाद भट्टराईले भाग लिनुभयो ।




३७औं साफा बोर्ड बैठकका सहभागीहरु

उक्त अवसरमा साफा बोर्ड बैठकको समेत आयोजना भएको थियो ।

### कर्मचारी बढुवा

संस्थाले आन्तरिक प्रतिस्पर्धाको आधारमा बरिष्ठ सहायक श्री भक्तबहादुर कार्कीलाई ११ पौष २०७१ देखि लागु हुने गरी अधिकृतमा बढुवा गरेको छ । श्री कार्कीले १ बैशाख २०६७ देखि बरिष्ठ सहायकको रूपमा परीक्षा बिभागमा आफ्नो जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

### एक व्यक्ति एक पेशा क्रमिक रुपमा लागु गर्ने बारे सचूना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था रहेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ९ को उपनियम (२) को प्रतिबन्धात्मक हरफ "एक व्यक्ति एक पेशाको प्रावधान" दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई २०७० श्रावण ०१ गतेदेखि प्रारम्भ गर्ने भएकोमा सो व्यवस्थालाई यथावत राखी निम्नानुसार क्रमिक रुपमा लागु गर्ने निर्णय भएको छ ।

## प्रथम चरण २०७०।७१

२०७० श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरूः

क) सबै पब्लिक कम्पनीहरू तथा २ करोड भन्दा बढीको प्राईभेट कम्पनीहरू,

ख) ५ करोड भन्दा बढी रकमको बचत तथा ऋण सहकारी संस्थाहरू, र

ग) २ करोड भन्दा बढी रकमको निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

## दोश्रो चरण २०७२।७३

२०७२ श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरूः

क) सबै पब्लिक कम्पनीहरू

ख) रू. २ करोड रकमसम्मका शैक्षिक संस्थाहरू बाहेकका प्राईभेट कम्पनीहरू

ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने सबै बचत तथा ऋण सहकारी संस्थाहरू, र

घ) सबै निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

**२०७४ साल श्रावण ०१ गतेदेखि एक व्यक्ति एक पेशा पूर्ण रूपले लागु हुनेछ ।**

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको The Association of Chartered Certified Accountants (ACCA), UK को विषय छुट सम्बन्धी जरुरी सूचना

The Association of Chartered Certified Accountants (ACCA), UK को परीक्षा उत्तीर्ण भई सो संस्थाको सदस्यता हासिल गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिको निमित्त देहाय बमोजिमको व्यवस्था लागु गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### विषय छुट सम्बन्धी व्यवस्था

ACCA UK को अन्तिम तहको परीक्षा उत्तीण गरी, तालिम प्राप्त गरेर सो संस्थाको सदस्यता प्राप्त व्यक्तिलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभूत तह (CAP I) र मध्यम तह (CAP II) को सम्पूर्ण विषय छुट हुनेछ । विषय छुटको सुविधा प्राप्त गर्न योग्य व्यक्तिले संस्थामा तोकिए बमोजिमको ढांचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन पेश गर्दा निम्न बमोजिमका कागजातहरूको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

- ❖ ACCA UK बाट अन्तिम तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपी ।
- ❖ ACCA UK को सदस्यता प्राप्त गर्न आवश्यक तालिम सम्पन्न गरेको प्रमाणपत्र ।
- ❖ ACCA UK बाट जारी भएको सदस्यता प्रमाणपत्र ।

### शुल्क सम्बन्धी व्यवस्था

CAP III तहमा दर्ता गर्न लाग्ने शुल्क, आवेदन शुल्क र विषय छुट शुल्क बापतको रकम बुझाई सोको रसिद संलग्न गर्नुपर्ने छ ।

### नाम दर्ता गराउने सम्बन्धी

CAP I, CAP II को विषय छुटको सुविधा प्रप्त गरेमा त्यस्तो व्यक्तिले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह⁄CAP III मा भर्ना हुनको लागि नियमावलीको नियम ३ (३) बमोजिम संस्थामा नाम दर्ता गराउनु पर्नेछ । CAP III मा भर्ना भएका व्यक्तिलाई ३ बर्षको पंजिकृत प्रशिक्षण तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन सम्बन्धी ऐन तथा नियमका अन्य सम्पूर्णहरू लागु हुनेछन् ।

## आ.व. २०७१/७२ को सि.पि.ई. तालिम कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.ब. २०७१⁄७२ मा संचालन हुने तालिमहरू निम्न मिति र स्थानमा संचालन हुने भएकोले इच्छुक सदस्य महानुभावहरूले आफ्नो उपयुक्त स्थान र मितिमा सम्बन्धित संस्थाहरूसंग सम्पर्क गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्थाहरू |
|---|---|---|---|
| १. | २०७१ माघ २, ३ र ४ | दाङ्⁄वाग्लुङ | ICAN/PRISM |
| २. | २०७१ माघ २३, २४ र २५ | महेन्द्रनगर⁄भैरहवा | ICAN/AuDAN |
| ३. | २०७१ फागुन १, २ र ३ | इलाम⁄पोखरा | AuDAN/AuDAN |
| ४. | २०७१ फागुन ८, ९ र १० | विराटनगर | PS |
| ५. | २०७१ फागुन १५, १६ र १७ | वीरगंज⁄धनगढी | PS/AuDAN |
| ६. | २०७१ फागुन २२, २३ र २४ | विर्तामोड⁄सुर्खेत⁄ काठमाडौं⁄जनकपुर | ICAN/CAI/ICAN/ AuDAN |
| ७. | २०७१ फागुन २९, ३० र चैत्र १ | हेटौडा⁄नेपालगंज | ICAN/ AuDAN |
| ८ | २०७१ चैत्र ६, ७ र ८ | विराटनगर⁄नारायणघाट | AuDAN/PS |
| ९. | २०७१ चैत्र २०, २१ र २२ | काठमाडौं⁄बुटवल⁄ पोखरा | AuDAN/PS/ PRISM |
| १०. | २०७१ चैत्र २७, २८ र २९ | काठमाडौं | ICAN |
| ११. | २०७२ वैशाख ११, १२ र १३ | काठमाडौं | AuDAN |
| १२. | २०७२ वैशाख २५, २६ र २७ | काठमाडौं | ICAN |
| १३. | २०७२ जेठ १, २ र ३ | काठमाडौं | AuDAN |
| १४. | २०७२ जेठ ८, ९ र १० | काठमाडौं | CAI |
| १५. | २०७२ जेठ १५, १६ र १७ | काठमाडौं⁄काठमाडौं | ICAN/AuDAN |
| १६. | २०७२ जेठ २२, २३ र २४ | काठमाडौं | AuDAN |
| १७. | २०७२ जेठ २९, ३० र ३१ | काठमाडौं | PS |
| १८. | २०७२ असार ४, ५ र ६ | काठमाडौं⁄काठमाडौं | ICAN/AuDAN |
| १९. | २०७२ असार ११, १२ र १३ | काठमाडौं⁄काठमाडौं | AuDAN/PS |
| २०. | २०७२ असार १८, १९ र २० | काठमाडौं | ICAN |

उपरोक्त अनुसारका तालिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका साथै निम्न संघ संस्थाहरूद्वारा संचालन गर्ने व्यहोरा समेत जानकारी गरिन्छ ।

१. नेपाल अडिटर्स एशोशियसन (AUDAN) काठमाण्डौ, फोनः ०१-४१०२०२३

२. सि.ए.आई. (प्रा) लि.(CAI), काठमाडौं फोनः ०१- ४१६८०५१, ४१६८०२३, ४२२५९३५

३. प्रिजम सेन्टर अफ लर्निङ्ग (PRISM), पोखरा फोनः ०६१- ५३७६४९

४. प्रोफेशनल सोलुशन (PS) फोनः ०१-४२१५५३६, ९८४१५५८३९०

पुनश्चः प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुनसक्ने छ । हेरफेरभएको अवस्थामा सूचना मार्फत जानकारी गराइने छ ।

### विस्तृत जानकारीको लागि सम्पर्क

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बबरमहल, काठमाडौं लगायत संस्थाका शाखा कार्यालयहरूः

Biratnagar Branch Office: Tel. 021-471395 | Butwal Branch Office: Tel. 071-543629
Pokhara Branch Office: Tel. 061-537679 | Birgunj Branch Office: Tel. 051-522660
Nepalgunj Branch Office: Tel 081-525916

टिकट


प्रकाशक : सम्पादन समिति

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**THE INSUTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)



बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९⁄४२६९१३०⁄२०३००२१
फ्याक्सः ००९७७-१-४२५८५६६, इमेलः ican@ntc.net.np, वेबसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज